# मिति २०८१ माघ २३ गते बसेको मन्थली नगरपालिकाको

## कार्यपालिकाको ३८ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ३७ औं बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिबारे छलफल तथा समीक्षा गरियो। अघिल्लो बैठकका निर्णय कार्यान्वियनको अवस्था सन्तोषजनक पाईयो।

**निर्णय नं. २**

मन्थली नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण कार्ययोजना २०८१ पारित गर्ने।

**निर्णय नं. ३**

बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालनका लागि वडास्तरमा तोकीएका बालमैत्री सम्पर्क व्यक्तिका लागि चालु आ.व. २०८१/८२ मा खाजा खर्च वापत प्रति सम्पर्क व्यक्ति मासिक रु १५०० (एक हजार पाँचसय रुपैया) र बालमैत्री सहजकर्ताका लागि खाजा खर्च वापत प्रति सहजकर्ता मासिक रु २००० (दुई हजार रुपैया) उपलब्ध गराउने।

**निर्णय नं. ४**

मन्थलीमा सञ्चालन हुने जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा नगर खेलकुद विकास समितिबाट प्रस्ताव हुने कार्यक्रम सञ्चालनका लागि समितिको प्रस्ताव र नगरपालिकाबाट चालु आ.व.मा सम्बन्धित शिर्षकमा विनियोजित वजेटको आधारमा रकम उपलब्ध गराउन अख्तियारी नगर प्रमुखलाई प्रदान गर्ने।

**निर्णय नं. ५**

मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्नका लागि २०७९ पुस ९ र १० गते भएको सरोकारवालाहरुको अभिमुखिकरणबाट प्रतिबद्धता जाहेर भए बमोजिम नेपाल सरकारले तोकेका र नगरबाट समेत तय भएका सूचक पुरा गर्न नगरपालिकाले विविध क्रियाकलाप/कार्यक्रमहरु गर्दै आएको सन्दर्भमा यस पालिकाको १६ औं नगरसभाबाट २०८१ चैत्र २५ गते बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने भनी मिति तय भएको,

बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणाको आधार तय गर्न बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नु पर्ने भएकाले नेपाल सरकार तथा नगरपालिकाबाट तय भएका सूचकहरुको आधारमा वडा घोषणा गर्न वडाहरुको अनुगमन गरी पृष्ठपोषण समेत उपलब्ध गराउन जिल्ला समन्वय समितिको कार्यालय रामेछापलाई अनुरोध गर्ने।

CamScanner

## निर्णय नं. ६

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी निर्देशिका बमोजिम आ.व. २०८०/८१ को वित्तीय सुशासन न्यूनिकरण (FRA) र आर्थिक विकास मूल्याङ्कन सूचक (LED) को आधारमा मूल्याँकन गर्दा देहाय बमोजिमको सन्तोषजनक अङ्क प्राप्त जानकारी हुन आएकाले निर्धारित सूचकको आधारमा सन्तोषजनक अङ्क प्राप्त गराउने शाखा, उपशाखाहरुलाई धन्यवाद दिँदै कार्य सम्पादन र अभिलेखिकरणमा थप जिम्मेवार रहन निर्देशन दिने।

क) वित्तीय सुशासन न्यूनिकरण (FRA) मा प्राप्त अङ्क ९३

ख) आर्थिक विकास मूल्याङ्कन सूचक (LED) मा प्राप्त अङ्क ८०.५

## निर्णय नं. ७

मन्थली नगरपालिकाबाट चालु आ.व. २०८१/८२ मा विनियोजित वजेटबाट लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमका लागि प्रस्ताव पेश भएका कार्यक्रम मध्ये देहायका कार्यक्रम छनौट गरी देहाय बमोजिमको वजेट उपलब्ध गराउने।

| सि.नं. | योजनाको नाम | वडा नं. | वजेट (लागत साझेदारी समेत) |
|---|---|---|---|
| १ | भटौली बारीखेत कुलो मर्मत | ७ | ३००००० |
| २ | डाँडागाउँ आचार्यटोल सडक | ५ | १७५००० |
| ३ | बुढाथोकी कुल पुजा मन्दिर निर्माण | ११ | ४५०००० |
| ४ | साठिमुरे डोंडे खेत सिंचाई कुलो मर्मत | ७ | १५०००० |
| ५ | आहाले विर्ता कुलो | ५ | २७५००० |
| ६ | श्री सिध्देश्वर मा.वि. सडक तथा वालमैत्री पूर्वाधार निर्माण | ४ | ४५०००० |
| ७ | काम्ले पशुपति चौहान घुम्ती सडक स्तरोन्ती | १४ | ४५०००० |
| ८ | ठुलीमदौ ठुलढुङ्गा गैरीगाउँ हुदै वडा कार्यालय कठजोर सडक | ३ | ४५०००० |
| ९ | नर्सरी केउरेपानी स्वास्थ्य चौकी सडक मर्मत | ६ | ४५०००० |
| १० | शिव शक्ती टोल सडक मर्मत | १ | ४५०००० |
| ११ | लप्सेखोला ऐमानटार ओडारेदेवी गैरी सुवारा खानेपानी योजना | १३ | ४५०००० |
| १२ | कठजोर खोला पुल निर्माण | २ | ४५०००० |
| १३ | श्री भि.रु. मा.वि. बालमैत्री खेल मैदान स्तरोन्नती | ८ | ४५०००० |
| १४ | सल्लेनी सडक स्तरोन्नती | १० | ४५०००० |
| १५ | मेलबोटे ओखेनी हुँदै चनखु सिमाना सम्म सडक स्तरोन्नती | ९ | ४५०००० |
| १६ | काभ्रेखोला अम्बास वेसी लिप्ट सिंचाई योजना | १२ | २००००० |
| १७ | पन्चकन्या सेतिदेवी मन्दिर मर्मत सम्भार | १२ | २५०००० |
| | जम्मा | | ६३००००० |

२०८१/१०/२८

देवीप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत